
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १८ गते सोमबार ❑ 1 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकीका मुख्यमन्त्री पाण्डेले आठ दिनमै विश्वासको मत लिने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आठ दिनमै विश्वासको मत लिने तयारी गरेका छन् । संविधानको धारा १६८ को (२) अनुसार पाण्डेलाई प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बैशाख १४ गते मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

संम्वैधानिक व्यवस्था अनुसार नियुक्त भएको ३० दिनभित्र प्रदेश सभा बैठकबाट विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था अनुरुप मुख्यमन्त्री पाण्डेले आफनो कार्यभार सम्हालेको आठौ दिनमा विश्वासको मत लिन लागेका हुन् । मुख्यमन्त्रीले १५ गते पद तथा गोपनीयताको शपथ लिदै दुई जनालाई विना विभागीय मन्त्रीको जिम्मेवार समेत दिएका थिए। मुख्मन्त्रीले विश्वासको मत लिने निर्णयसगै प्रदेश सरकारको आईतबार बसेको मन्त्रिपरिषद बैठकले प्रदेश सभाको अधिवेशन आवहान गर्नका लागि प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय समेत गरेको सरकारका प्रवक्ता एवं विना विभागिय मन्त्री सरस्वती अर्याल तिवारीले बताइन् । मन्त्रिपरिषदको निर्णय अनुसार प्रदेशले नेपालको संविधानको धारा १८३ को उपधारा (१) अनुसार प्रदेश सभाको अधिवेशन २१ बैशाख बिहीबारका दिन १४:०० बजे देखि आरम्भ हुने गरि आवहान गरिएको छ । ६० सदस्य प्रदेश सभामा एक स्वतन्त्र बाहेक ४ दलको प्रतिनिधित्व रहेको छ । ६० सदस्य मध्ये नेपाली काग्रेसका २७, नेकपा एमालेका २२, नेकपा माओवादी केन्द्रका सभामुख सहित आठ, राप्रपाका दुई र मनाङ १ (ख) बाट स्वतन्त्र उम्मेदवारी दिएर निर्विरोध निर्वाचित एक जना सदस्य रहेका छन् । बहुमतको सरकार गठनका लागि ३१ सदस्यको समर्थन अवश्यक पर्छ । पाण्डेलाई मुख्यमन्त्रीका लागि नेपाली काग्रेसका २७, माओवादीका सात र स्वतन्त्र एक गरि ३५ जनाको समर्थनमा प्रदेश प्रमुखले संविधानको धारा १६८ को (२) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। एमालेका २२ र राप्रपाका दुई गरि २४ जनाको समर्थन मुख्यमन्त्री पाण्डेलाई छैन् । ७ मन्त्रालय रहेको गण्डकी प्रदेशमा मुख्यमन्त्री पाण्डेले सबै मन्त्रालयको जिम्मेवार आफैमा राखि दुई विना विभागिय मन्त्रीमा नियुक्ति गरेका थिए ।

## अब जिसस प्रमुख अस्पतालको अध्यक्ष

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

गण्डकी प्रदेश सरकारले मातहतका अस्पतालको व्यवस्थापन समितिमा जिल्ला समन्वय समितिको प्रमुख नै अध्यक्ष हुने प्रावधान ल्याएको छ । यसअघि सरकारमा रहेका दल निकटका व्यक्ति समितिको पदाधिकारी र सदस्यमा नियुक्त हुँदै आएका थिए ।

समितिको संरचनागत सुधारका लागि प्रदेश सरकारले अस्पताल व्यवस्थापन समिति गठन आदेश-२०८० हालै जारी गरेको छ । त्यसमा जिसस प्रमुखको अध्यक्षतामा सात सदस्यीय व्यवस्थापन समिति गठन हुने उल्लेख छ । योसँगै अस्पताल व्यवस्थापन समितिमा राजनीतिक नियुक्तिको प्रचलन हट्ने भएको हो । समितिको सदस्यमा अस्पतालस्थित स्थानीय तहको प्रमुख/अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, प्रमुख कोष तथा लेखा नियन्त्रक, उद्योग वाणिज्य सङ्घको अध्यक्ष र सामाजिक क्षेत्रमा क्रियाशील स्नातक उत्तीर्ण एक महिला रहने व्यवस्था छ ।

समितिको सदस्यसचिवमा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट रहनेछन् । हाल रहेका पदाधिकारी र सदस्यको पदावधि सकिएपछि नयाँ प्रावधानअनुसार समिति गठन हुने सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

"अस्पताल व्यवस्थापन समितिलाई चुस्त र प्रभावकारी बनाउन संरचनागत सुधार थालिएको हो", मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले भन्नुभयो, "अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलगायत सरोकारवालाको सुझावका आधारमा सरकारले नयाँ गठन आदेश जारी गरेको हो ।" यसअघि गठित समितिका पदाधिकारी र सदस्यको मर्यादाक्रममा देखिएको असहजताले समितिको बैठक बस्नसमेत नसक्ने स्थिति देखिएको उहाँको भनाइ थियो । "जिसस प्रमुख अस्पतालको अध्यक्ष हुँदा जिल्लाका अरु निकायसँग समन्वय गर्न पनि सहज हुन्छ, मर्यादाक्रमको समस्या पनि हट्छ", सचिव डा शर्माले भन्नुभयो ।

अस्पताल व्यवस्थापन समितिमा अहिले रहेका पदाधिकारी/सदस्यलाई लक्ष्य गरेर नभई अस्पतालको दीर्घकालीन हितका लागि सरकारले समिति गठनको नयाँ प्रावधान ल्याइएको उहाँले उल्लेख गर्नुभयो । निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीको मन्त्रिपरिषद्ले जारी गरेको उक्त गठन आदेश प्रदेश राजपत्रमा समेत प्रकाशित भइसकेको छ ।

प्रदेश सरकारअन्तर्गतका अस्पतालबाट प्रवाह हुने सेवाको व्यवस्थापन तथा अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन समिति गठन हुने सो आदेशमा उल्लेख छ । गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरेर सरकारले गठन आदेश जारी गरेको हो ।

## उत्पादन र रोजगार लक्षित नीति, कार्यक्रम र बजेट ल्याउँछौँ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १७ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि उत्पादन र रोजगारी सिर्जनालाई केन्द्रमा राखेर नीति, कार्यक्रम र बजेट ल्याउने तयारी भइरहेको बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आज किसान सङ्गठनका प्रतिनिधिसँगको संयुक्त भेटमा प्रधानमन्त्री दाहालले उत्पादन र रोजगारीलाई प्राथमिकता दिएर मात्रै समृद्धिको लक्ष्य हासिल हुने भएकाले सरकारले सोही अनुसार तयारी गरिरहेको बताउनुभयो ।

"कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिएर मात्र समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । यसपटकको नीति, कार्यक्रम र बजेटमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि नयाँ कार्यक्रम ल्याउने तयारी गरिरहेका छौँ । तपाईंहरूको ध्यानाकर्षण पत्रले पनि सरकारलाई नयाँ ढङ्गले सोच्न सहयोग पुग्ने ठानेको छु । उत्पादनमा सम्पूर्ण तागत केन्द्रित नगरी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न सकिँदैन", उहाँले भन्नुभयो । नेपालको कम्युनिस्ट आन्दोलन किसान आन्दोलनको जगमा उभिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रजातान्त्रिक आन्दोलनको जग पनि किसान आन्दोलन भएको उल्लेख गर्नुभयो । "आजको परिस्थितिमा उत्पादन पद्दतिमा फेरबदल आएको छ । वैदेशिक रोजगारीले कृषिप्रतिको आकर्षण घटेको छ । तर, आज पनि अर्थतन्त्रको मुख्य मेरूदण्ड कृषि नै हो । यसलाई व्यवस्थित गर्नेतर्फ मेरो जोड रहन्छ", उहाँले भन्नुभयो- "कतिपयले सरकारका राम्रा काम नदेखिरहेका छैनन । तर, चार महिनामा निकै राम्रा काम भएका छन् । लक्ष्यअनुसार नभए पनि राजस्व संकलनमा राम्रो सुधार आएको छ । विदेशी मुद्राको सञ्चिति उत्साहवर्द्धक रूपमा बढेको छ ।" पर्यटक आउने क्रममा सुधार आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अर्थतन्त्रका अधिकांश सूचकमा सकारात्मक सुधार आएको बताउनुभयो । "म सम्पूर्ण रूपले अर्थतन्त्रमा सुधार ल्याउन छलफल र अन्तरक्रियामा छु । केही समयमा सकारात्मक नतिजा देखिन्छ", उहाँले भन्नुभयो- "केही समयमा सकारात्मक नतिजा देखिन्छ ।" लघुवित्त र सहकारीलाई श्रम तथा उत्पादनमा केन्द्रित गर्नुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिनुभयो । उहाँले भन्नुभयो, "लघुवित्त र सहकारी वित्तीय कारोबारमा संलग्न हुँदा एकातर्फ वित्तीय अराजकता र नियमनमा समस्या देखिएको छ, अर्कोतर्फ उत्पादनको क्षेत्र ओझेल परेको छ । यिनीहरूलाई श्रम र उत्पादनको क्षेत्रमा केन्द्रित गर्नुपर्छ । नीतिमा नै आवश्यक व्यवस्था गरेर यससम्बन्धी समस्या समाधान गर्छौं ।" भेटमा ६ किसान सङ्गठनमा आवद्ध किसान मोर्चाका नेताहरूले कृषि क्षेत्रलाई प्राथमिकता र किसानको सम्मानमा सरकारले ध्यान दिनुपर्ने जिकिर गर्दै प्रधानमन्त्री दाहालसमक्ष ध्यानाकर्षण पत्र पेस गर्नुभएको थियो ।

## प्रधानमन्त्री प्रचण्डसँग रास्वपा सभापति लामिछानेको भेटवार्ता

**रासस**
काठमाडौं, १७ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले भेटवार्ता गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको भेटमा मुलुकको समसामयिक राजनीतिक अवस्थाबारे कुराकानी भएको रास्वपाका उपसभापति डोलप्रसाद अर्यालले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार रास्वपाको सरकारप्रतिको धारणा बुझ्नका लागि प्रधानमन्त्री दाहालले रास्वपा नेतृत्वसँग छलफल गर्नुभएको छ ।

"अहिलेको समसामयिक राजनीतिक विषयमा कुराकानी भयो, हाम्रो पार्टीको भोलि केन्द्रीय समिति र संसदीय दलको बैठक पनि बस्दैछ, सोही सन्दर्भमा सरकारप्रति पार्टीको धारणा बुझ्नका लागि पनि प्रधानमन्त्रीले सभापतिसँग छलफल गर्नुभएको हो", उपसभापति अर्यालले भन्नुभयो । भेटका क्रममा प्रधानमन्त्री दाहालले उपनिर्वाचनबाट सांसद पदमा निर्वाचित भएकामा सभापति लामिछानेलाई बधाई दिनुभएको थियो । रास्वपाको केन्द्रीय समितिको बैठक सोमबार सोमबार बिहान ११ बजे बस्दैछ ।

## एउटै समूहबाट पटकपटक आक्रमणको प्रयास भयो : ओली

**रासस**
काठमाडौं, १७ बैशाख

नेकप (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफूलाई आक्रमणको प्रयास गरिएको बताउनुभएको छ ।

ललितपुरको च्यासलस्थित एमाले पार्टी मुख्यालयमा अखिल नेपाल किसान महासङ्घको ७३औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा उहाँले आफूमाथि निरन्तर आक्रमणको प्रयास भए पनि सरकार आक्रमणकारीलाई पक्रेर केही गर्न नसकेको बताउनुभयो ।

उहाँले आक्रमणकारीले धकेल्दा पनि प्रहरी प्रशासन केही नगरेको बताउनुभयो । अध्यक्ष ओलीले २०-२५ जना केटाको एउटै समूहले आफूलाई झापा, इलाम, पाँचधरमा आक्रमणको प्रयास गरेको बताउनुभयो । "हरेक ठाउँमा उनीहरूले निषेध गर्न खोज्ने, बाटो छेक्न खोज्ने, रुख ढालेर छेक्न खोज्ने, कहीँ ढुङ्गा हान्ने, कहीँ भिडन्त गर्न आउने । त्यसप्रकार उनीहरूले अनेक ठाउँमा आक्रमण गरे । त्यो खालको उद्दण्डतामा सरकारले उनीहरूलाई केही गर्न सकेन", उहाँले भन्नुभयो ।

आफूहरूविरुद्ध अश्लील, असभ्य, त्यस्ता खालका गालीगलौज गर्ने कुराहरू भएको छ भन्दै उहाँले भन्नुभयो, "त्यो म आफैँले देखेर, भोगेर आएको छु ।"कोही कम्युनिष्टको नाममा, कोही के


बाँकी अन्तिम पृष्ठमा ▶▶

**बालबालिकालाई स्तनपान किन गराउने ?**

◆ आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ ।
◆ आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
◆ आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
◆ स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ ।
◆ स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।

त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# कास्की जिल्ला वुमन्स टि-ट्वान्टी क्रिकेट च्यालेन्जर ट्रफीमा कास्की 'बी'को बिजयी यात्रा जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

कास्की जिल्ला वुमन्स टि-ट्वान्टी क्रिकेट च्यालेन्जर ट्रफी प्रतियोगितामा कास्की 'बी'ले बिजयी यात्रा जारी राखेको छ।

कास्की जिल्ला क्रिकेट संघ (क्यान)को आयोजनामा शनिबारदेखि पोखरा रंगशालामा शुरु भएको प्रतियोगिताको दोश्रो खेलमापनि कास्की 'बी' बिजयी भएको हो। आईतबार भएको दोश्रो खेलमा कास्की 'बी'ले कास्की 'ए'लाई ७० रनले हराएको छ। टस जितेर ब्याटिङ रोजेको कास्की 'बी'ले पूरै ओभर खेल्दै १२९ रन बनाएको थियो। १३० रनको लक्ष्य पछ्याएको कास्की 'ए' पूरै ओभर खेल्दै ५९ रनमा सिमित भएपछि कास्की 'बी' बिजयी भएको कास्की जिल्ला क्रिकेट संघका



सचिव बिरेन पुनले जानकारी दिए।

आईतबारको खेलमा कास्की 'बी' की कप्तान श्रृष्टी जैसीले नटआउट ५१ रनको योगदान गरेकी थिईन् भने बलिङतर्फपनि १ विकेट लिईन् । आईतबारको खेलमापनि अलराउण्ड प्रदर्शन गरेकी श्रृष्टी जैसी वुमन अफ दी म्याच घोषित भएको सचिव पुनले बताए । यसअघि शनिबार भएको पहिलो खेलमापनि कास्की 'बी' बिजयी भएको थियो। सो खेलमा कास्की 'बी'ले कास्की 'ए'लाई ५ विकेटले पराजित गरेको थियो । टस जितेर ब्याटिङ गरेको कास्की 'बी'ले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १२० रन बनाएको थियो । जवाफी ब्याटिङ गरेको कास्की 'ए' ५ विकेट गुमाएर लक्ष्य पूरा गर्दै बिजयी भएको सचिव पुनले जानकारी दिए। २८ बलमा ४० रन बनाएकी श्रृष्टी जैसी शनिबारको खेलमा उमन अफ दी म्याच घोषित भएकी पुनले बताए । पोखरा रंगशालामा शुरु भएको प्रतियोगिताको पोखरा महानगरपालिकाका कार्यवाहक मेयर मोतीराज तिमिल्सिनाले शनिबार उद्घाटन गरेका थिए । उनले प्रतियोगिताले महिला क्रिकेट खेलाडीलाई प्लेटफर्म प्रदान गरेको र यसले कास्कीको क्रिकेट उकास्न महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे । उद्घाटन कार्यक्रम कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलको अध्यक्षतामा भएको थियो । यसैबीच, प्रतियोगिताको उपाधि भिडन्त सोमबार हुने भएको छ। कास्की 'ए' र कास्की 'बी' गरेर दुई टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि भिडन्त सोमबार हुने सचिव पुनले जानकारी दिए । प्रतियोगितामा बिजेता र उपबिजेता दुबैलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने सचिव पुनले बताए।

# शनिबार पोखरामा मेक्सम गौडेलको 'स्ट्यान्ड अप कमेडी'

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख



टेलिभिजन कार्यक्रम कमेडी च्याम्पियनबाट चर्चामा आएका विष्णुप्रसाद गौडेल उर्फ मेक्सम गौडेल बैशाख २३ गते शनिबार पोखरामा आफ्नो प्रस्तुतीको लागि आउने भएका छन् ।

पोखरा सभागृह हलमा दिउँसो २ बजेबाट सुरु हुने सातौं पोखरा स्पोर्ट्स अवार्डमा दर्शकको अगाडि उभिएर विभिन्न विषयमा कटाक्ष गर्दै उनले हसाउँनेछन् । पछिल्लो समयमा दर्शकको आर्कषण देखिएको स्ट्यान्ड अप कमेडीलाई यस पटकको अवार्ड कार्यक्रममा आर्कषणको रुपमा राखिएको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जनाए। विषयवस्तुको गहिराईमा पुगेर त्यसलाई सुन्दर प्रस्तुती मार्फत कथामा उतार्न सक्ने खुबी भएका गौडेलको प्रस्तुतीले दर्शकको ध्यान खिच्ने अपेक्षा आयोजकले गरेको छ। स्याङजा जिल्लाका मेक्सम कार्यक्रमलाई लिएर उत्साहित छन् । हाल कमेडी च्याम्पियन कार्यक्रममा सह-प्रस्तोताको रुपमा दर्शकमाझ देखिरहेका उनको शैलीले दर्शको ध्यान खिचिरहेको छ । कमेडी च्याम्पियनमा उनले प्रस्तुती राख्दा टिकट पाउने नेता, सेलिब्रेटिको लाइफ स्टाइल, भाइरल बाबा लगायतका प्रस्तुती दर्शकको लागि रुचिकर बनेका थिए। अवार्ड कार्यक्रममा भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती समेत रहनेछ । यसैगरी हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायतले अवार्ड कार्यक्रममा थप रौनकता थप्नेछ।

प्रवेश निःशुल्क रहेको कार्यक्रममा उपस्थित हुन सबैजनालाई आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीले अनुरोध गरेको छ । अवार्ड कार्यक्रममा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका महासचिव पौडेलले जनाए । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ। मञ्चले २०७२ सालदेखि निरन्तर अवार्ड कार्यक्रमको आयोजना गर्दै आएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा हुने अवार्ड कार्यक्रमलाई सफल पार्न विभिन्न व्यक्ति तथा संघ संस्थाको साथ मञ्चलाई मिलेको छ।

# पोखरा स्पोर्टस् अवार्ड : मर्सानीलाई 'लाइफ टाइम अचिभमेन्ट' अवार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डअन्तर्गतको 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' बक्सिङका वरिष्ठ प्रशिक्षक विद्याप्रसाद मर्सानीलाई प्रदान गरिने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लासहित सो अवार्ड प्रदान गरिने जनाएको छ । अवार्डका लागि गठन गरिएको प्रतिभा छनोट उपसमितिले गरेको सिफारिसको आधारमा ३५ वर्ष प्रशिक्षक भएर खेलकुदमा योगदान गर्नुभएका मर्सानीलाई अवार्ड प्रदान गर्न लागिएको हो। पोखरा स्पोर्टस् अवार्ड यही वैशाख २३ गते हुँदैछ । सोही समारोमा उहाँलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले बताउनुभयो । नेपाली खेलकुदको विकासमा योगदान पुऱ्याउने अग्रज व्यक्तित्वलाई सो



अवार्ड प्रदान गर्ने गरिएको छ।

मर्सानीले गण्डकी प्रदेश र नेपालकै बक्सिङ खेललाई माथि पुऱ्याउन तथा खेलको विकास र विस्तार गर्न योगदान गर्नुभएको छ । यसअघि अग्रज खेलकुदकर्मी कृष्ण थापा, खड्कबहादुर रानाभाट, डा वीरेन्द्रसिंह गुरुङ, चित्रबहादुर गुरुङ, आनन्द रञ्जित र गणेशबहादुर भट्टराईले यो विधाअन्र्तगको पुरस्कार पाउनुभएको छ। मर्सानीले पहिलो पटक विसं २०३७ मा बक्सिङ प्रतियोगितामा लिनुभएको थियो । भैरहवामा भएको बक्सिङकै पहिलो राष्ट्रिय प्रतियोगितामा उहाँ गण्डकी अञ्चलबाट छनोट हुनुभएको थिया। उहाँले पहिलो सहभागितामै कास्य पदक जित्नुभयो । विसं २०३८ मा काठमाडौंमा वृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउनुभयो। यसैगरी वीरगञ्जमा भएको सातौं राष्ट्रिय बक्सिङ प्रतियोगितामा कास्य र विसं २०४१ मा नवौं बक्सिङ प्रतियोगितामा भने स्वर्ण पदक हात पार्नुभयो । उहाँले भारतमा अध्ययन गरेर फर्किसकेपछि पूर्ण प्रशिक्षकका रुपमा नेपाली राष्ट्रिय बक्सिङ टीमको नेतृत्व गर्नुभयो । बक्सिङ खेलको प्रशिक्षकको रुपमा ३५ वर्ष जागिर जीवन व्यतित गरेर उहाँ विसं २०७७ असारमा अनिवार्य अवकास पाउनुभएको थियो । वैशाख २३ गते हुने अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्डसहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्थावा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष बरालले बताउनुभयो । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार पाउनेछन् । यसैगरी वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबतर्फका विजेताले नगद रु ३५ हजारको साथमा ट्रफी पाउने छन् ।

# ए डिभिजन फुटबल : जाउलाखेल र सङ्कटाको खेल बराबरीमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत आइतबार भएको जावलाखेल युथ क्लब र सङ्कटा क्लबबीचको खेल बराबरीमा सकिएको छ।

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्समा भएको खेलमा लिग लिडर जावलाखेल र सङ्कटा क्लबबीचको खेल १-१ गोलको बराबरीमा टुङ्गिएको हो। खेलमा पहिलो अग्रता भने जाउलाखेलले लिएको थियो । खेलको ३३औँ मिनेटमा जाउलाखेलका विदेशी खेलाडी फोडे फोफानाले गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए।

जाउलाखेलको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन। खेलको ७३औँ मिनेटमा सङ्कटाका खेलाडी निशान खड्काले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । यस बराबरी खेलसँगै जावलाखेलले १३ खेलमा २४ अङ्क जोडेको छ। जावलाखेल अङ्क तालिकाको शीर्ष स्थानमा छ । त्यस्तै समान १३ खेल नै खेलको सङ्कटा १६ अङ्क जोडेर अङ्क तालिकाको ११ औँ स्थानमा रहेको छ।

# एउटै...

कामका नाममा खोल ओढेर एमालेका विरुद्ध उत्रिएको उहाँको भनाइ थियो। अध्यक्ष ओलीले किसान नेतालाई काममा प्रतिस्पर्धा गर्न आग्रह गर्नुभयो । उहाँले काम नगरेपछि पदमा प्रतिस्पर्धा हुन थालेको भन्दै काम गरेपछि पदमा लडाइँ नहुने धारणा राख्नुभयो। उहाँले किसानको नेताले परिचयपत्र देखाउन नपर्ने बताउनुभयो।

"किसान महासङ्घको नेताले परिचयपत्र देखाउनु पर्दैन । उसको घरमा जाँदा बालीनाली हेर्दा किसान महासङ्घको नेता हो भनेर चिन्नुपर्दछ, "उहाँले भन्नुभयो, "धेरै भिण्डी, ठूलो लौका, ठूलो फर्सी लामो घिरौँला फल्ने र जातअनुसारका गाईले धेरै दूध दिनुपर्दछ । तबमात्र किसान नेता हुन्छ।"

# सामुदायिक सेवा केन्द्र हेमजाको रक्तदानमा ५६ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा २५ हेमजाको आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नयाँ बर्ष २०८० को अवसर पारेर रक्तदान कार्यक्रम आयोजना गरिएको हो। रक्त सञ्चार केन्द्र पोखराको प्राबिधिक सहयोगमा भएको कार्यक्रममा ५६ युनिट संकलन भएको थियो । प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा न. २५ का वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाले पहिलो रक्तदाता गौरी संकर साकोसका अध्यक्ष एवं ३७ औँ पटक रक्तदान गर्नुभएका रुद्रनाथ पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रमको उद्धाटन गर्नुभयो।

कार्यक्रमको उद्धाटन गर्दै प्रमुख अतिथि तिमिल्सिनाले सेवा केन्द्रले स्थापना काल देखि नै महत्त्वपूर्ण काम गर्दै आएको बताउदै रक्तदान गर्दा कुनै शारीरिक हानी नहुने उल्लेख गर्नुभयो । कार्यक्रममा निवर्तमान अध्यक्ष बिष्णु बाँस्तोला, रामप्रसाद अधिकारी र सल्लाहकार दानबहादुर थापाले शुभकामना दिनुभएको थियो । सो अवसरमा वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक सालिकराम तिमिल्सिनालाई स्वागत गरिएको थियो । अध्यक्ष दानबहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा सहसचिव सिबलाल पौडेलले स्वागत र सञ्चालन उपाध्यक्ष देबिप्रसाद अधिकारीले गर्नुभएको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । - एल्फ्रेड डे

## सम्पादकीय

# श्रमिक दिवसको शुभकामना

विश्वभरका मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइएको छ । १३३ बर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए । आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए । त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो । मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन् । मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन् । त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्ने माहोल बन्दै गएको छ ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन । नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ । लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो । नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । नेपालमा विसं २००३ मा मजदुरहरूले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो । २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र जनयुद्ध वा २०६२/०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरूले गरेको योगदान महत्त्वपूर्ण छ ।

नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ । उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ । प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ । श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ ।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ । निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ । कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ । आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ । केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सुरक्षाको लागि केही नयाँ कार्यक्रम ल्याएको थियो ।मजदुरको दीर्घकालीन हित हेरेर संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको हो । सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ । यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन् । यतिखेर देशको आर्थिक व स्थिति कमजोर छ । रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ । मुखले मजदुरको कुरा गर्ने व्यबहार मजदुरको अहित गर्ने खालको छावर्गीय पक्षधरता हराउँदै दलाल र विचौलीयाको लागि काम गर्ने सरकार छायसपालि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने,महंगीको मार खेप्नुपरेको छा मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ ।

आइएलओको आँकडाअनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ । कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ । नेपालमा पनि लाखौं मानिस सङ्गठित क्षेत्रमा काम गर्छन् । सकेसम्म त्यस्ता श्रमिकलाई सरकारी काममा लगाएर राहतस्वरूप पैसा र खाद्यान्न दिएर सहयोग गरिने निर्णय गरिएको भनिन्छ । विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निमित्त मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन् । यही चुनौतीपूर्ण परिस्थिति आज नेपालले पनि व्यहोरिरहेको छ । सामाजिक सुरक्षा कार्यक्रम, कर्मचारीको पारिश्रमिक वृद्धि सबै श्रमको सम्मान हो । असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्छ ।चुनावको बेला मजदुरको कुरा गनेछ कार्यान्वयन नगर्ने प्रबृत्ति छ ।नेपालको अर्थतन्त्र विदेशमा काम गर्नेछ श्रमिकले पठाएको रेमिट्यान्सले योगदान पुऱ्याएको छातिनको कारण देश जेनतेन चलेको छाश्रमिक दिवसले सबैलाई यश विषयमा सोच्न प्रेरित गरोस् शुभकामना ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'सोलार प्यानल'मा समस्या आएपछि दगाममा खानेपानी अभाव

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ मा सञ्चालित खानेपानी आयोजनाको 'सोलार प्यानल'मा समस्या आएपछि दगाममा खानेपानीको अभाव भएको छ । अहिले स्थानीयवासीले पँधेराको पानी प्रयोग गर्न बाध्य भएका छन् ।

दगाम स्थानथोक भुजिकोट खानेपानी आयोजनाको सोलारमा समस्या देखिएपछि दगाममा खानेपानीको अभाव भएको स्थानीय नन्दु थापामगरले बताउनुभयो । "दुई हप्तादेखि सोलारमा समस्या आएको छ, एकपटक मर्मत गऱ्यो पुनः बिग्रिन्छ", उहाँले भन्नुभयो, "सोलारमा समस्या आएपछि पर्याप्त पानी आएको छैन ।" सोलारमा समस्या आउँदा घर-घरमा वितरण गरिएको धाराबाट पर्याप्त पानी आएको छैन । यसका कारण स्थानीयवासी पँधेरामा पुगेर डोकोमा बोकेर पानी ल्याउन बाध्य छन् । उहाँका अनुसार स्थानीयवासी घरबाट आधा घन्टाको दूरीमा रहेको पँधेराबाट पानी ल्याउन बाध्य छन् । "पानी पर्याप्त नआएका कारण बिहानै उठेर पँधेरामा पुगेर पानी ल्याउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "उक्त पँधेरा धेरै वर्ष पुरानो हो, खानेपानी योजना बन्नुभन्दा पहिला यहाँका स्थानीयले त्यहीँको पानी उपभोग गर्दथे ।" स्थानीय कमला थापाका अनुसार पानीको अभाव भएपछि बिहानै उठेर पँधेरामा गएर पानी ल्याउनुपने बाध्यता छ । खानेपानी योजना सम्पन्न भएपछि पानीको दुःख हटे पनि अहिले सोलारमा समस्या आउँदा सास्ती भएको उहाँको गुनासो छ । दगाममा ४१ घरधुरी छ । अहिले सबै घरमा खानेपानी योजनाबाट पर्याप्त पानी आएको छैन ।

"सोलार प्यानलका बारेमा हामीहरूलाई पनि धेरै ज्ञान छैन, बिग्रिएको बेला प्राविधिक आएर बनाइदिन्छन्, केही समयपछि फेरि बिग्रिन्छ", उहाँले भन्नुभयो । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको कोत्रेबजारबाट सात किलोमिटर दूरीमा दगाम गाउँ छ । यो गाउँ मह उत्पादनका लागि पनि प्रख्यात छ । यहाँका स्थानीयवासी घरबास सञ्चालनमा समेत लागेका छन् ।

# पशुवस्तुको उपचार तथा बाँझोपन निवारणका लागि उपचार शिविर

**पोखरापत्र संवाददाता**
गोरखा, १७ बैशाख

गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा पशुवस्तुको स्वास्थ्योपचार तथा बाँझोपन रोग निवारण लागि एकदिने शिविरमा सात हजार पाँच सय ८० पशुवस्तुको स्वास्थ्योपचार गरिएको छ ।

भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखाको प्राविधिक सहयोग र गाउँपालिका पशु शाखा तथा वडा कार्यालयको आर्थिक सहयोगमा वडा नं ४ रन्चोकमा शिविरमा आयोजना गरिएको पशुसेवा विज्ञ केन्द्र गोरखाका अधिकृत तथा सूचना अधिकारी डा लालमणि अर्यालले जानकारी दिनुभयो । "शिविरमा विभिन्न एक सय ३७ शीर्षकमा पशुवस्तुको उपचार गरिएको थियो", सूचना अधिकारी डा अर्यालले भन्नुभयो, "सो क्रममा चार सय ११ गाईगोरु, दुई हजार सात सय ८० भाडाबाख्राको उपचार गरिएको हो ।" त्यस्तै रागाभैंसी दुई सय ४६ तथा कुखुरा चार हजार एक सय ४६ वटाको औषधोपचार गरिएको उहाँले बताउनुभयो । उपचारका क्रममा पशुवस्तुका लागि आवश्यक औषधि पशुपालक किसानलाई वितरण गरिनुका साथै औषधि प्रयोगबारे जानकारी प्रदान गरिएको उहाँको भनाइ छ । "शिविरमा छवटा कुकुरलाई रेबिजविरुद्धको भ्याक्सिन दिइएको छ", उहाँले भन्नुभयो, "परीक्षणका लागि ४० पशुपालक कृषकले ल्याएका पशुवस्तुका गोवरसमेत जाँच गरिएको छ ।" गोवर परीक्षणका गरिएकामध्ये झन्डै आधा जतिमा आन्तरिक परजिवीको समस्या देखिएको उहाँले बताउनुभयो । "गोवर परीक्षणको पूरै रिपोर्ट त आउन बाँकी नै छ", डा अर्यालले भन्नुभयो, "तर पनि करिब आधा जतिमा आन्तरिक परजिवीको समस्या देखिएको थियो भने आधाजसोमा समस्या देखिएको थिएन ।" शिविरमा उपचारका ल्याउन नसकिएका समस्याग्रस्त पशुवस्तुको भने पशुपालक किसानको घरमै पुगेरसमेत उपचार गरिएको सूचना अधिकारी डा अर्यालले बताउनुभयो । भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखाका निमित्त प्रमुख डा शर्मिला कुमालको नेतृत्वको टोलीमा डा लालमणि अर्याल, बारपाक पोलिटेक्निक इन्टिच्युटका डा कमल बस्याल, बारपाक सुलिकोट गाउँपालिका पशु सेवा शाखाका प्रमुख हिक्मतबहादुर खड्कालगायतले सेवा दिनुभएको थियो ।

# पशुवस्तुको उपचार तथा बाँझोपन निवारणका लागि उपचार शिविर

**पोखरापत्र संवाददाता**
गोरखा, १७ बैशाख

गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा पशुवस्तुको स्वास्थ्योपचार तथा बाँझोपन रोग निवारण लागि एकदिने शिविरमा सात हजार पाँच सय ८० पशुवस्तुको स्वास्थ्योपचार गरिएको छ ।

भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखाको प्राविधिक सहयोग र गाउँपालिका पशु शाखा तथा वडा कार्यालयको आर्थिक सहयोगमा वडा नं ४ रन्चोकमा शिविरमा आयोजना गरिएको पशुसेवा विज्ञ केन्द्र गोरखाका अधिकृत तथा सूचना अधिकारी डा लालमणि अर्यालले जानकारी दिनुभयो । "शिविरमा विभिन्न एक सय ३७ शीर्षकमा पशुवस्तुको उपचार गरिएको थियो", सूचना अधिकारी डा अर्यालले भन्नुभयो, "सो क्रममा चार सय ११ गाईगोरु, दुई हजार सात सय ८० भाडाबाख्राको उपचार गरिएको हो ।" त्यस्तै रागाभैंसी दुई सय ४६ तथा कुखुरा चार हजार एक सय ४६ वटाको औषधोपचार गरिएको उहाँले बताउनुभयो । उपचारका क्रममा पशुवस्तुका लागि आवश्यक औषधि पशुपालक किसानलाई वितरण गरिनुका साथै औषधि प्रयोगबारे जानकारी प्रदान गरिएको उहाँको भनाइ छ । "शिविरमा छवटा कुकुरलाई रेबिजविरुद्धको भ्याक्सिन दिइएको छ", उहाँले भन्नुभयो, "परीक्षणका लागि ४० पशुपालक कृषकले ल्याएका पशुवस्तुका गोवरसमेत जाँच गरिएको छ ।" गोवर परीक्षणका गरिएकामध्ये झन्डै आधा जतिमा आन्तरिक परजिवीको समस्या देखिएको उहाँले बताउनुभयो । "गोवर परीक्षणको पूरै रिपोर्ट त आउन बाँकी नै छ", डा अर्यालले भन्नुभयो, "तर पनि करिब आधा जतिमा आन्तरिक परजिवीको समस्या देखिएको थियो भने आधाजसोमा समस्या देखिएको थिएन ।" शिविरमा उपचारका ल्याउन नसकिएका समस्याग्रस्त पशुवस्तुको भने पशुपालक किसानको घरमै पुगेरसमेत उपचार गरिएको सूचना अधिकारी डा अर्यालले बताउनुभयो । भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखाका निमित्त प्रमुख डा शर्मिला कुमालको नेतृत्वको टोलीमा डा लालमणि अर्याल, बारपाक पोलिटेक्निक इन्टिच्युटका डा कमल बस्याल, बारपाक सुलिकोट गाउँपालिका पशु सेवा शाखाका प्रमुख हिक्मतबहादुर खड्कालगायतले सेवा दिनुभएको थियो ।

# शालिग्राम दर्शन गर्ने बढे

**पोखरापत्र संवाददाता**
पर्वत, १७ बैशाख

एकै पटक सवालाख शालिग्रामको दर्शन गर्न पाइने भएपछि यहाँको शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ ।

विश्वमै दुर्लभ मानिएको शालिग्राम शिलाको संरक्षण र प्रचारप्रसारका कारण बागलुङ नगरपालिका-४ कुडुँलेस्थित शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटक आउने क्रम बढ्दै गएको छ । चैतदेखि अध्ययन अवलोकन भ्रमणका लागि शालिग्राम सङ्ग्रहालयमा आउने पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको पाइएको छ ।

तीन वर्षदेखि सर्वसाधरणलाई खुल्ला गरिएको भूमिगत शालिग्राम सङ्ग्रहालयले शालिग्रामको संरक्षणका लागि उल्लेखनीय काम गरेको स्थानीयले बताएका छन् । मुस्ताङको मुक्तिनाथदेखि म्याग्दी, बागलुङ र पर्वत भएर वहने कालिगण्डकी (कृष्णगण्डकी) नदीमा मात्र पाइने शालिग्राम शिलाको संरक्षणका लागि बागलुङ-४ कुँडुलेमा रहेको तिरुपति बालाजी धाममा श्रीधराचार्य शालिग्राम सङ्ग्रहालय निर्माणपछि शालिग्राम दर्शनका लागि आउने धार्मिक पर्यटकको सङ्ख्यामा वृद्धि भएको सङ्ग्रहालयका अध्यक्ष ऋषि प्रपन्नाचार्यले जानकारी दिनुभयो । "हिन्दूधर्मालम्बीका लागि कालो रङ्गको बाटुलो शिला (ढुङ्गा) शालिग्राम अति पुजनीय मानिन्छ, यसका लागि नेपालको पश्चिम कालीगण्डकी नदी प्रख्यात छ, वैष्णव र सनातनीले शालिग्रामलाई साक्षात विष्णुको अवतारका रुपमा लिन्छन्", प्रपन्नाचार्यले भन्नुभयो, "लोपहुँदै गएको शालिग्रामलाई वर्षौंदेखि सङ्ग्रह गरी सङ्ग्रहालयमा राखेका छौं, अहिले शालिग्राम सङ्ग्रहालयको व्यापक प्रचारप्रसारका कारण शालिग्राम दर्शनका लागि भारतसहित नेपालका विभिन्न स्थानबाट यहाँ आउनेको सङ्ख्या बढेको छ ।" चैतयता विभिन्न विद्यालय, आमा समूह, सहकारी, स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि तथा धर्मलम्बी अवलोकन भ्रमणका लागि उल्लेख्य मात्रमा यहाँ आउने गरेका छन् । अहिले औषतमा दैनिक सय देखि दुई सयको हाराहारीमा पर्यटक गुफाभित्रको शालिग्राम दर्शनका लागि आएको अध्यक्ष प्रपन्नाचार्यले बताउनुभयो । शालिग्रामको महिमा बढाउन सङ्ग्रहालयले शालिग्राम महोत्सव गर्ने, शालिग्रामसम्बन्धी प्रवचन गर्ने र शालग्राम दर्शनपछि पुण्य कमाउने विश्वासका साथ यहाँ आउने दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएको हो । शालिग्रामको महिमा बढाउन र प्रचारप्रसार गर्न हालै मात्रै शालिग्राम महोत्सव सम्पन्न गरिएको छ । पछिल्लो समय शालिग्राम दर्शनका लागि आउनेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको स्थानीय रामप्रसाद शर्माले जानकारी दिनुभयो ।

"सुरुमा सुरुङभित्र शालिग्राम सङ्ग्रहालयभन्दा धेरै मानिस झुक्किने गर्दथे, तर अहिले शालिग्राम गुफा कहाँ हो भन्दै खौज्दै आउने बढे, चैतयता त अध्ययन तथा अवलोकन भ्रमणको ओइरोनै लागेको छ", शर्माले भन्नुभयो "शालिग्राम दर्शनका लागि सुरुङमार्ग प्रवेश गर्न रु एक सयको टिकट काट्ने व्यवस्था मिलाउँदा सङ्ग्रहालयको आम्दानीको स्रोतसमेत बढेको छ, मुक्तिनाथ पुगेका भारतीय पर्यटक समेत शालिग्राम दर्शनका लागि बागलुङको बाटो भएर आउजाउ गर्न थालेको पाइएको छ, सङ्ग्रहालयका कारण कुडुँलेमा व्यापार तथा व्यवसायसमेत फष्टाएको छ ।" हिन्दू धर्मालम्वीले शालिग्रामको पूजाआराधना गर्ने गरे पनि वर्तमान समयमा भने शालिग्राम शिलाको संरक्षण अभावमा हराउँदै गएको अवस्थामा बागलुङमा सङ्ग्रह गरी राखिएको हो । सङ्ग्रहालयको प्रवेशद्वार बाघको मुखको आकृतिबाट बनाएपछि सङ्ग्रहालय अहिले बाघको मुखभित्र रहेको छ ।

बागलुङको पहिचानसँग जोडिएको बाघको मुखको आकृति निर्माणसँगै सङ्ग्रहालयको महिमा झनै चुलिएर गएको छ । भारतीय पर्यटक शालिग्राम दर्शनका लागि पछिल्लो समय यहाँ आउने गरेको पाइएको छ । मुक्तिनाथ दर्शनका लागि पुगेका दर्थनार्थीले यहाँको सवालाख शालिग्राम दर्शन गरेपछि मात्रै आफूलाई मुक्ति प्राप्त भएको प्रतिक्रिया दिँदै आएका छन् ।

भगवना शिवको प्रिय अस्त्रका रुपमा मानिने त्रिशूल आकारमा भू-गर्भभित्र ७६ मिटर लामो सुरुङ निर्माण गरी व्यवस्थितरुपमा शालिग्राम सङ्ग्रहालय, त्रिवेणी धामदेखि दामोदरकुण्डसम्मको नक्शा, विभिन्न मठमन्दिरका आकृति, वृतचित्र प्रदर्शनी कक्ष लगायतका संरचना अवलकोकन गर्न सकिन्छ । सङ्ग्रहालयमा स-साना शालिग्रामदेखि तीन सय किलोसम्मको शालिग्राम सङ्ग्रहित छ ।

# विद्यार्थीहरुलाई शैक्षिक सामाग्री तथा पोशाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

लायन्स क्लब अफ पोखरा ब्लु स्काईले विद्यार्थीलाई शैक्षिक सामाग्री तथा पोशाक वितरण गरेको छ ।



पोखरा २३ हर्पनमा अवस्थित श्री जनसिद्ध आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई शैक्षिक सामाग्री तथा पोशाक वितरण गरिएको हो । क्लबले विद्यालयमा अध्ययनरत ४० विद्यार्थीलाई झोला, स्टेसनरी सामान र कपडा सेट गरि ८० हजार रुपैयाँ बराबरको शैक्षिक सामाग्री र पोशाक वितरण गरिएको क्लबका अध्यक्ष कमल सुवेदीले जानकारी दिए । सुवेदीका अनुसार उक्त रकम क्लबका सदस्य बैकुण्ठ पौडेलले सहयोग गरेका थिए ।

कार्यक्रममा जनसिद्ध आधारभूत विद्यालयकी विद्यालय व्यवस्थापन समिति अध्यक्ष लोक कुमारी क्षेत्रीले क्लबले गरेको कामको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरेकी थिइन् ।

त्यस्तै क्लबका संस्थापक अध्यक्ष युवराज पौडेलले संस्थालाई सबैको साथ र सहयोगले नै विगत देखि यस्ता कार्यहरु गर्न सफल भएको बताए । साथै निम्न वर्गीय र सहयोगको आवश्यकता भएकालाई सहयोग गर्नुपर्ने उद्देश्यका साथ ब्लु स्काई स्थापना भएको उनको भनाई थियो । त्यसैगरि कार्यक्रमलाई सफल बनाउन सहयोग गने क्लबका सदस्य बैकुण्ठ पौडेललाई क्लबका प्रथम उपाध्यक्ष दिपकराज अधिकारीले आभार व्यक्त गरे ।

कार्यक्रममा रामजी पौडेलले गीत गाएर विद्यार्थी तथा अभिभावकलाई मनोरञ्जन गराएका थिए ।

# धवलागिरिका सहित्यको थप अनुसन्धान आवश्यक

**पोखरापत्र संवाददाता**
पर्वत, १७ बैशाख

धवलागिरि क्षेत्रको साहित्यिक इतिहास र साहित्यकारका बारेमा थप खोज र अनुसन्धान गर्नुपने आवश्यकता औँल्याइएको छ। पर्वत साहित्य सङ्गम र गण्डकी प्रज्ञा प्रतिष्ठानको संयुक्त पर्वत सदरमुकाम कुश्मा बजारमा आयोजित 'धवलागिरिका कवि र कविता' विषयक साहित्यिक गोष्ठीमा सहभागिले धवलागिरिका साहित्यका बारेमा थप खोज र अनुसन्धान गर्नका लागि सामूहिक प्रयास गर्न सुझाव समेत दिए।

कार्यक्रममा साविकको पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङमा कविता लेख्ने क्रमको सुरुआत भएको प्राचीन अवस्थादेखि आधुनिककालसम्मको अवस्थामा भएका विकासक्रमका बारेमा कार्यपत्र प्रस्तुत गर्दै त्यसमाथि छलफल भएको छ। साहित्यका क्षेत्रमा विगतदेखि नै प्रभावशाली लेखक यस क्षेत्रमा रहँदै आएकामा यसको थप विकासका लागि साहित्यिक क्षेत्रमा गर्न सकिने सम्भावनाका बारेमा गोष्ठीमा कुरा राखिएका छन्।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का 'बिखर्ची'ले साहित्यकार बन्नका लागि सुख प्राप्त हुने ठाउँमा जन्मनुपर्ने नभई खरको छहारीमा जन्मेकै भए हुने बताउनुभयो। नेपालका भ्रुपडीमा जन्मिएका साहित्यकारले नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिएको जनाउँदै उहाँले साहित्यकारमा अध्ययनशीलता आवश्यक हुने बताउनुभयो।

गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य कृष्णप्रसाद पौडेलले प्रतिष्ठानलाई विकेन्द्रीकरण गरी केन्द्रबाट प्रदेशमा पनि विस्तार गर्दा प्रदेशमा रहेका कला र संस्कृतिको खोजी र अध्ययनमा सहज भएको बताउनुभयो। प्रतिष्ठान स्थापना भएलगत्तै को भिडको सङ्क्रमण फैलिँदा सोचेअनुसारको काम गर्न नसकेको भए पनि पछिल्ला दिनमा भने प्रतिष्ठानले हरेक जिल्लामा रहेका कला, संस्कृति र भाषाको संरक्षणमा काम गरिरहेको जानकारी दिनुभयो। कार्यक्रममा प्राध्यापक डा षडानन्द पौडेलले विमर्शपत्र प्रस्तुत गर्दै राज्यका निकायले धवलागिरि क्षेत्रका कवि र कवितालाई प्रवर्द्धन गर्न सक्नुपने सुझाव राख्नुभयो। पार्वतीको जन्मभूमिसमेत रहेको यस क्षेत्र धार्मिक र साहित्यिकरूपमा प्राचीन समयदेखि नै सक्रिय रहेको प्रमाण म्याग्दी राखुदेखि प्रकाशन भएका पुस्तकहरूको रहेको उहाँको भनाइ थियो।

कतिपय प्रमाणले नेपालको साहित्यअन्तर्गत कविता लेखनमा धवलागिरि नै पहिलो भएको प्रमाण देखिएका भए पनि त्यसको आधिकारिक पुष्टि नभएको प्राडा पौडेलको भनाइ थियो। प्राध्यापक डा दिनबहादुर थापाले कुनै बेला प्राचीन सभ्यता र संस्कारले भरिएको नेपाल विस्तारै पाश्चात्य शैलीको मारमा पर्दै गएको तर्क गर्नुभयो। मौलिक रचना र कलामा रमाउने परम्परा छाडेर आफ्ना सन्तान कुनै देशमा पुगेको कुरामा गर्व गर्ने परम्पराले मौलकता सङ्कटमा पर्दै गएको उहाँको भनाइ थियो। धवलागिरि क्षेत्रको साहित्यको विकासमा जनताहरूको योगदान पनि महत्वपूर्ण रहेको धेरै उदाहरण भेटिएको जनाउँदै थापाले अब पनि संस्कृतिप्रति चिन्ता नगर्ने हो भने नेपालको मौलिक कला र इतिहास नै सङ्कटमा पर्न सक्ने जोखिम देखाउनुभयो।

कुश्मा नगरपालिकाका उपप्रमुख स्वस्थानी रिजालले नेपाली साहित्यको श्रीवृद्धिमा विज्ञहरूले गर्दै आएका काम महत्वपूर्ण रहेको बताउनुभयो। साहित्यको शक्तिले मानव स्वभावमा परिवर्तन ल्याउन सक्ने जनाउँदै उहाँले रचनाले व्यक्तिलाई मुग्ध बनाउने उल्लेख गर्नुभयो।

पर्वत साहित्य सङ्गमका पूर्वअध्यक्ष राजेन्द्र पहाडीले धवलागिरि क्षेत्रमा स्थापित साहित्यिक रेखामा खोतल्ने मौका दिएको बताउनुभयो। सोही अवसर पारेर पर्वतका साहित्यकार गोविन्दप्रसाद भुसालको गीति सङ्ग्रह 'पुष्पाञ्जली' को विमोचन गरिएको थियो।

# सहिदको सम्मान उद्यान निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ बैशाख

बागलुङको काठेखोला गाउँपालिका-१ स्थित धिमी खानसिङमा सहिद उद्यान (पार्क) निर्माण गर्न थालेको छ। गाउँपालिकाले तत्कालीन सशस्त्र द्वन्द्वका समयमा निधन भएकाहरूको सम्मानका लागि सहिद उद्यान निर्माण गर्न थालेको हो। सहिदउद्यानसँगै वडा कार्यालयले चौतारा निर्माण गरिरहेको छ। सहिद स्मृति उद्यान संरक्षण केन्द्रले व्यवस्थापन गरेको दुई रोपनी १० आना जग्गामा अहिले उद्यान निर्माण थालिएको छ। अझै केही जग्गा व्यवस्थापन गरी पाँच रोपनी क्षेत्रफलमा उद्यान निर्माण हुने भएको हो।

उद्यानमा सशस्त्र द्वन्द्वका बेला ज्यान गुमाउनुभएका भरत शेरचन, नगेन्द्र थापा, भद्रकली थापा, धनबहादु थापा, हर्कबहादुर थापा र चाँदनी थापाको सालिक राखिने छ। बागलुङबजार नजिकै रहेको यस ठाउँ पर्यटकीय हिसाबले पनि निकै महत्वपूर्ण मानिन्छ। सहिद उद्यानले यहाँको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीयको भनाइ छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २० लाखले जग्गा सम्याउने र पदमार्ग निर्माणको काम भइरहेको काठेखोला गाउँपालिका-१ का अध्यक्ष खड्क थापामगरले जानकारी दिनुभयो। गाउँपालिकाले पहिलो कार्यकालमा रु ३० लाखको लागतमा चौतारालगायतका विभिन्न संरचना बनाएको छ। उद्यान राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग नजिकै निर्माण भइरहेको हुँदा यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गने अध्यक्ष थापा बताउनुहुन्छ। पार्कलाई व्यवस्थित र आकर्षक बनाउनका लागि गाउँपालिकाले निरन्तर बजेट विनियोजन गर्दै आएको उहाँको भनाइ छ।

"अहिले निर्माण गर्न लागेको उद्यान विशेष खालको हो, यहाँ उद्यानमात्र बन्न लागेको हो इन, एउटा पहिचान, इतिहास र सम्मान पनि जोडिएको हुने छ, राष्ट्का लागि आफ्नो ज्यानको बलिदान दिनुभएका यही ठाउँका सहिदको सालिक पनि राखिने छ", वडाध्यक्ष थापामगरले भन्नुभयो, "खासगरी उहाँहरूको सम्मानसँगै पर्यटन प्रवर्द्धनका लागि हामीले यहाँ उद्यान निर्माण गर्न थालेका हौँ, अझै थप जग्गा व्यवस्थापन गर्नुपने छ, तर कामको सुरुआत भने भइरहेको छ, केही समयमै पार्कले पूर्णता पाउने छ।"

अध्यक्ष थापामगर यो उद्यान ग्रामीण क्षेत्रकै उत्कृष्ट बन्ने बताउनुहुन्छ। उद्यानले गाउँको सुन्दरतालाई बढाउनुका साथै पर्यटक आकर्षणमा महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ। उद्यानसँगै फूलबारी, पदमार्ग, मन्दिर र पोखरी निर्माण गर्ने योजना रहेको उहाँले बताउनुभयो। उद्यान नजिक द्वन्द्वकालका इतिहाससँग सम्बन्धित अभिलेख राख्ने यस ठाउँलाई अध्ययन अवलोकन गर्ने गन्तव्यका रूपमा विकास गर्ने उहाँ बताउनुहुन्छ। यहाँ बन्ने संरचनाका लागि करिब रु नौ करोड लाग्ने उहाँको भनाइ छ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले उद्यान सहिदको स्मृतिमा निर्माण गर्न थालेको बताउनुभयो। काठेखोला-१ लाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न उद्यानले ठूलो टेवा पुऱ्याउने भन्दै यसले बसाइँसराइलाई पनि रोक्न मद्दत पुग्ने बताउनुहुन्छ। उद्यानलाई पूर्णता दिन गाउँपालिकाले बर्सेनि बजेट विनियोजन गर्दै आएको जनाउँदै यस वर्ष पनि प्राथमिकतामा राखेर काम गरेको सुनाउनुभयो।

उहाँ भन्नुहुन्छ, "उद्यान निर्माणपछि गाउँमा पर्यटकको चहलपहल हुनेछ, अहिले दिनदिनै गाउँ छाड्दै बजार भनेको लर्को लागेको छ, यसले त्यसलाई रोक्न ठूलो भूमिका खेल्ने छ भने अर्को कुरा उद्यान वरपर राम्रो व्यवसाय सञ्चालन हुनेछ, त्यसले स्थानीयको आयआर्जनमा टेवा पुग्ने अपेक्षा लिएका छौँ, उद्यानलाई केही समयमै सम्पन्न गर्न पालिका र अन्य सरकारसँग समन्वय गरी काम गर्नेछौं।"

# बंशावली तयार पार्न देशैभरका पहारी बन्धुहरु पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




देशै भरका पहारी बन्धुहरु पोखरामा जम्मा भएका छन्।

पहारी कुल संरक्षण समिति कास्की पोखराले आइतबार आयोजना गरेको बशांबलि सम्बन्धी कार्यपत्र प्रस्तुत कार्यक्रममा सहभागि हुन पहारी पोखरेल बन्धुहरु पोखरामा भेला भएका हुन्।

भेलाले पहारीहरुको बशंको रुपमा पानी पोखरेलहरु सगँ जोडिन गएको बारेमा बंशावलिमा उल्लेख भएकोले पहारी र पोखरेलका बारेमा कार्यपत्र द्धारा उजागर गर्ने उद्धेश्यले पहारी पोखरेल बृहत भेलाको आयोजना गरिएको गरिएको हो। अध्ययनका क्रममा पहारीहरुको उद्गम थलो दैलेख जिल्लाको दुल्लु भएको पत्ता लागेको छ। त्यहीँबाट पहारीहरु हाल देश तथा विदेशमा समेत बसोबास गर्दै आएका छन्। पोखराको लेकसाइड पहारीहरुको मुख्य बसोबास स्थल हो। कार्यक्रमका प्रमुख अतिथि भाषा बैज्ञानिक,लेखक समालोचक तथा प्रध्यापक डाक्टर माधव प्रसाद पोखरेलले कार्यक्रममा प्रकाशित बशांबलिका प्रमाणलाई आधार मान्दा पहारी र पोखरेलका आधि पुरुष एउटै भएको जिकिर गर्दै काशीदास जोशी नै पहारी र पोखरेलहरुका पुर्खा रहेको उल्लेख गरे। उनले कुनै पनि बंशाबलि आधार र प्रमाण बिना तयार नहुने बताउदै आफ्ना पुर्खाको थातथलोको बारेमा गहन अध्यन गरे मात्र बंशाबलि प्रकाशित हुने गरेको बताउदै पोखरेलहरुको बंशाबलि जति पुरानो कुनै महाराजाहरुको पनि नभएको ठोकुवा गरे। पछिल्लो समय समाजमा अग्रजहरुको सम्मान हराउदै गएको बेला पहारी बन्धुहरुले कुलपितृको नाममा मन्दिर निर्माण गरेर पुर्खाहरुको बशांबलि प्रकाशन महात्वपूर्ण कार्यको थालनि गरेको बताए।

कार्यक्रममा पहारी कुल संरक्षण समिति कास्कीका अध्यक्ष गोविन्दराज पहारीले पहिलो पटक पहारी बंशावली तयार भएकामा खुशी व्यक्त गरे। प्राडा रामचन्द्र पोखरेलले अवधारणापत्र प्रस्तुत गर्दै पहारी र पोखरेलहरुको वंशाबली अध्ययन अनुसार धेरै कुरा मिल्ने बताए। धरानका विष्णुभक्त पोखरेलले कुलको उद्धार गुर्न सबैको कर्तव्य भएको बताए। पोखरेल राष्ट्रिय प्रतिष्ठानका महासचिव फडिराज पोखरेलले पुराना पुस्तालाई एकरुपतामा ल्याउन बंशावलीले सहयोग पुग्ने बताए। गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले वंशावली भावी पुस्तालाई समेत अध्ययनका लागि उपयोगी हुने बताइन्। कार्यक्रममा गण्डकीका पूर्व सांसद राजीव पहारी, पाल्पाका प्रमोद सिंह पहारी, सिन्धुली पहारी बंशाबलीका कोषाध्यक्ष बेदनाथ पहारी, कुल संरक्षण समितिका सहकोषाध्यक्ष तथा बंशावली प्रकाशन समिति संयोजक प्रेमराज पहारी, सचिव जगतबहादुर पहारीले ठूलो मिहिनेतका साथ बंशावली तयारी सुरु भएकोले सबैले साथ र सहयोग गर्न आग्रह गरे।

# उत्तरी गोरखाको विकट नाक्चेतमा पुग्यो मोटर

**पोखरापत्र संवाददाता**
गोरखा, १७ बैशाख

विकट उत्तरी गोरखाको नाक्चेत गाउँमा मोटर पुगेको छ। गाउँपालिकाको केन्द्रसम्म सडक सञ्जालले नछोएको उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाको फिलिम नजिकै यातायातका साधान पुगेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो।

"रुइलाभञ्ज्याङ नाकाको सडकखण्डअन्तरगत पालिकाको केन्द्र फिलिमपारीको गाउँ नाक्चेतसम्म मोटर आइपुगेको छ", उहाँले भन्नुभयो,"अब उत्तरी गोरखाका बासिन्दालाई आउजाउसँगै खाद्यान्न सामग्री ढुवानी गर्न पनि धेरै सहज हुने भएको छ।"

सडक निर्माण भएसँगै यहाँ अहिले मोटरसाइकल तथा जिप चल्न थालेको छ। अब यहाँबाट गाउँपालिकाको केन्द्रसम्म हिँडेर आइपुग्न जम्मा आधा घण्टामात्र लाग्ने अध्यक्ष लामाको भनाइ थियो। "नाक्चेतबाट गाउँपालिकाको केन्द्रसम्म सडक पुऱ्याउनका लागि मोटरेबल पुल निर्माण गर्नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो,"त्यसका लागि माथिल्लो निकायमा पहल भइरहेको छ। यसअघि जगतसम्म नेपाली सेनाले बाटो पुऱ्याएको थियो। जगतबाट गाउँपालिकाको केन्द्रसम्म हिँडेर पुग्न दुई घण्टा लाग्ने गरेको थियो।

नेपाली सेनाले निर्माण गरेको सडक शुक्रबार गाउँपालिका अध्यक्ष लामा र नेपाली सेनाको सडक निर्माण कार्यदलका सेनानी विनोद पाण्डेले शुभारम्भ गर्नुभएको थियो। गाउँपालिकाको केन्द्र नजिकै मोटरबाटो पुगेपछि स्थानीयवासी पनि खुसी भएको गाउँपालिकाका अध्यक्ष लामाले जानकारी दिनुभयो। हाल नेपाली सेनाले बेनीघाट- रुइलाभञ्ज्याङ नाकाको सडकखण्ड खोल्ने काम गरिरहेको छ।

# अमेरिकी डलर सटहीको सीमा बढाइयो

**रासस**
काठमाडौं, १७ बैशाख

नेपाल राष्ट्र बैंकले अमेरिकी डलर सटहीका लागि तोकिएको सीमा बढाएको छ।

बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको एकीकृत परिपत्र, २०७९ मा संशोधन गर्दै राष्ट्र बैंकले यस्तो सीमा बढाएको हो। यसअघि नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका मनी एक्सचेञ्जरले नेपाली नागरिकसँग गर्ने सटही कारोबार गर्दा अमेरिकी डलर पाँच सय वा सो बराबरको परिवर्त्य मुद्रा बराबर मात्रै सटही गर्न सक्ने व्यवस्था थियो। यसलाई संशोधन गरेर अमेरिकी डलर पाँच हजारसम्म सटही गर्नसक्ने व्यवस्था गरिएको छ। "नेपाली नागरिकसँग अमेरिकी डलर पाँच हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा (भन्सार घोषणाको प्रमाणित कागजात भए त्यस्तो कागजातमा उल्लिखित सम्पूर्ण रकम)को खरिद कारोबार गर्न सकिनेछ", संशोधन गरिएको परिपत्रमा भनिएको छ, "तर विदेशी इष्टमित्र र ग्राहकबाट उपहार, टिप्सबाट प्राप्त हुने रकम भने अधिकतम अमेरिकी डलर पाँच सयसम्म मात्र सटही गर्न सकिनेछ।"

राष्ट्र बैंकले एकीकृत परिपत्रमा संशोधनमार्फत् विदेश पढ्न जाने विद्यार्थीका लागि दिइने सटही सुविधासम्बन्धी व्यवस्था थप गरेको छ।

"शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको 'वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९' बमोजिम उक्त मन्त्रालयले व्यवस्था गरेको पोर्टल प्रयोगमा आएपश्चात् बैंक तथा वित्तीय संस्थाले सो पोर्टमा उलपब्ध वैदेशिक अध्ययनको स्वीकृति (नो अब्जेक्सन सर्टिफिकेट)सम्बन्धी विवरण यकिन गरी सटही सुविधा उपलब्ध गराउनुपर्नेछ", एकीकृत परिपत्रमा भनिएको छ। यसअघि यस्तो व्यवस्था थिएन।

त्यस्तै नेपाली नागरिकलाई विभिन्न प्रयोजनका लागि भारतीय मुद्रा बाहेकको परिवर्त्य विदेशी मुद्राको सटही सुविधासम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ। यसअघि यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर एक हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था रहेको थियो। तर संशोधित व्यवस्थाअनुसार भिसा आवदेनको हकमा सम्बन्धित दूतावासलगायत भिसा आवेदन शुल्क सङ्कलन गर्न अधिकारप्राप्त निकायले परिवर्त्य विदेशी मुद्रामा नै भिसा शुल्क लिने व्यवस्था गरेमा तोकिएको भिसा शुल्कसम्मको सटही सुविधा प्रदान गर्दा अधिकतम अमेरिकी डलर एक हजारको सीमाले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था राखिएको छ।

त्यस्तै, नेपालमा काम गरिरहेका विदेशीले सटही गरेर लैजान पाउने विदेशी मुद्रासम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ। नेपालमा वायुसेवा दिइरहेका कम्पनीमा कार्यरत विदेशी नागरिकका लागि नयाँ व्यवस्था थप गरिएको छ।

"श्रम स्वीकृति र सम्झौताको अवधि बहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानुन बमोजिम कर कट्टी पश्चात् हुन आउने रकमको बढीमा ७० प्रतिशतसम्मको रकम भुक्तानीको लागि कागजातको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा सम्बन्धित मुलुकमा पठाउन सकिनेछ", राष्ट्र बैंकले परिपत्रमार्फत् भनेको छ।

# लखन सहकारीको सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




लखन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा-१०, रामघाटले पोखरा-२७, तालचोकमा सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न गरेको छ।

आफ्ना शेयर सदस्यका लागि शनिबार आयोजित तालिममा करिब एक सय जना प्रशिक्षार्थी सहभागी थिए। तालिममा सहकारीको शिक्षा उपसमितिका संयोजक रुद्रबहादुर श्रीसले सहजीकरण गर्नुभएको थियो। तालिमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं. २७ की वडा महिला सदस्य बुद्धिमाया थापाले अहिलेको समयमा सहकारी शिक्षा तथा वित्तीय साक्षरता अपरिहार्य रहेको बताउनुभयो। वित्तीय ज्ञानको अभावमा विभिन्न समस्यामा पर्ने गरेको भन्दै उहाँले सहकारीका माध्यमबाट उद्यमी बन्ने अवसर प्राप्त गर्न सकिने धारणा राख्नुभयो।

त्यस्तै, सहकारीका अध्यक्ष पूर्णबहादुर रानाले शेयर सदस्यको सशक्तिकरणका लागि वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको बताउनुभयो। सहकारी शिक्षाले बचत गर्ने बानीको विकास हुने भन्दै उहाँले आजको बचतले भोलीको समस्या टार्न सकिने भनाइ राख्नुभयो। त्यसैगरी, सहकारी संस्थाका सचिव डिलबहादुर श्रीसले सहकारीका सात सिद्धान्त, ऐन, कानून अनुसार सहकारी सञ्चालन भए कुनै किसिमको समस्या भोग्न नपने बताउनुभयो। उहाँले सञ्चालक र सहकारीकर्मी सहकारीको मूल्य, मान्यता र मर्म अनुसार चल्नुपर्ने बताउनुभयो।

शेयर सदस्य सुबेदार दिनबहादुर रानाले वित्तीय ज्ञान र जानकारीविना सही तरिकाले आर्थिक क्रियाकलाप सञ्चालन गर्न नसकिने धारणा व्यक्त गर्नुभयो।